त्रिभुवन विश्वविद्यालय
रजिस्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

कीर्तिपुर, काठमाडौं
नेपाल ।
फोन नं. ४३३०३४६

मितिः २०७८/०२/१६

# कोभिड-१९ बाट विश्वविद्यालयमा परेको असरका सम्बन्धमा प्रेस विज्ञप्ति

कोरोना भाइरसको कारणले विश्वलाई नै आक्रान्त पारेको छ । कोरोना भाइरसको दोस्रो लहरले नेपाललाई पनि नराम्ररी असर गरेको छ । विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरसको नेपालमा जोखिम नियन्त्रणका लागि देशका अधिकांश स्थानहरूमा निषेधाज्ञा लागू गरिएको कारणबाट त्रिभुवन विश्वविद्यालय र यस अन्तर्गतका सबै निकायहरू नराम्रोसँग प्रभावित भएका छन् । यसबाट भौतिक उपस्थितिमा सञ्चालनमा रहेका सबै पठनपाठन र परीक्षाहरू स्थगित गरी बैकल्पिक विधिबाट कक्षा सञ्चालन भइरहेको तथ्य सर्वविदितै छ । हाल विश्वविद्यालयका ७९ शिक्षण इकाईहरूले पूर्ण रूपमा र ३० वटा निकायहरूले आंशिक रूपमा अनलाइन कक्षा सञ्चालन गर्दै आइरहेका छन् । आंशिक रूपमा अनलाइन कक्षा सञ्चालन भएकामध्ये पनि ९० प्रतिशत भन्दा बढी निकायमा ५० प्रतिशतभन्दा बढी कक्षा भइरहेका छन् । ४ ओटा निकायमा अनलाइन कक्षा संचालनको तयारी भइरहेको छ । यस्तै रोकिएका परीक्षाहरू पनि यथा समयमा सञ्चालन गर्न गृहकार्य भइरहेको जानकारी गराउन चाहन्छु ।

हालसम्म प्राप्त विरणका आधारमा कोभड-१९ का कारणले त्रिभुवन विश्वविद्यालयको मानव संसाधनमा पारेको क्षति निम्नानुसार रहेको बेहोरा जानकारी गराइन्छ ।

१) त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पस तथा निकायका निबृत्त तथा वहालवाला पदाधिकारी, शिक्षक, कर्मचारी, विद्यार्थीहरू र उहाँहरूको परिवारका सदस्यहरू कोभिडको संक्रमणमा परी विरामी भएको, केही निको भएको, केही उपचाररत रहेको र केहीले ज्यान गुमाएको अवस्था छ । यस महामारीमा ज्यान गुमाउनेहरू सबैमा त्रिभुवन विश्वविद्यालय हार्दिक श्रद्धाञ्जली र परिवारजनमा समवेदना अर्पण गर्दछ । साथै उपचाररत सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

२) कोरोनाको पहिलो र दोस्रो लहरबाट त्रि.वि.का आंगिक क्याम्पस तथा निकायका हालसम्म ६१६ जना शिक्षक, कर्मचारीहरू संक्रमित भएका छन् भने कोरोनाको दोस्रो लहरबाट त्रिभुवन विश्वविद्यालयका निम्नानुसारका शिक्षक, कर्मचारीहरूले अल्पायुमा नै ज्यान गुमाउनु भएको छ । उहाँहरूमा विश्वविद्यालय हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ ।

**क) शिक्षकहरू**

| क्र.सं. | शिक्षकको नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | किशोर महर्जन | सह-प्राध्यापक | शंकरदेव क्याम्पस, रामशाहपथ |
| २ | डा. शेरजंग खड्का | सह-प्राध्यापक | पद्यकन्या बहुमुखी क्याम्पस, वागबजार |
| ३ | शंकर सुवेदी | उप-प्राध्यापक | अंग्रेजी केन्द्रीय विभाग, कीर्तिपुर |
| ४ | विनय प्रसाई | उप-प्राध्यापक | पद्यकन्या बहुमुखी क्याम्पस, वागबजार |
| ५ | दिपक मैनाली | उप-प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर |
| ६ | निमा शेर्पा | उप-प्राध्यापक | भोजपुर बहुमुखी क्याम्पस, भोजपुर |

कीर्तिपुर, काठमाडौं
नेपाल ।
फोन नं. ४३३०३४६

| | | | |
|---|---|---|---|
| ७ | उमेश यादव | उप-प्राध्यापक | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज |
| ८ | धर्मेन्द्र महर्जन | शिक्षण सहायक | महेन्द्र रत्न क्याम्पस ताहाचल |
| ९ | डोल बहादुर भण्डारी | शिक्षण सहायक | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज |
| १० | मनोज चौरसिया | आंशिक शिक्षक | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज |
| ११ | नविन कर्ण | आंशिक शिक्षक | महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज |

**ख) कर्मचारीहरू**

| क्र.सं. | कर्मचारीको नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | शम्भुप्रसाद भट्टराई | महाशाखा प्रमुख | लेखा परीक्षण महाशाखा, कीर्तिपुर |
| २ | संगिता श्रेष्ठ मल्ल | उप-प्रशासक | पुल्चोक क्याम्पस, पुल्चोक |
| ३ | सन्तोष मानन्धर | शाखा अधिकृत | शिक्षा विकास तथा अनुसन्धान केन्द्र, बल्खु |
| ४ | रविन्द्रमान वसी | शाखा अधिकृत | शंकरदेव क्याम्पस, रामशाहपथ |
| ५ | गुलावरत्न शाक्य | शाखा अधिकृत | परीक्षा नियन्त्रण कार्यालय बल्खु |
| ६ | मोहम्मद शरिफ राइन | शाखा अधिकृत | सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस, सिराहा |
| ७ | उर्मिला गिरी | शाखा अधिकृत | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज |
| ८ | सप्तबहादुर पुन | कार्यालय सहयोगी | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज |
| ९ | शान्ती थिङ | कार्यालय सहयोगी | वीरगञ्ज नर्सिङ क्याम्पस, वीरगञ्ज |
| १० | दुरमाया तामाङ | कार्यालय सहयोगी | रामपुर क्याम्पस, चितवन |
| ११ | गोविन्द गिरी | कार्यालय सहयोगी | महेन्द्र बहुमुखी क्याम्पस, दाङ |
| १२ | छोरी पोडे | कार्यालय सहयोगी | रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग |

३) त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अस्पतालहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी कोरोनाबाट संक्रमित विरामीहरूको उपचारमा सक्रियतापूर्वक संलग्न रहेको तथ्य सर्वविधितै छ । यस किसिमको विषम परिस्थितिमा पनि आफ्नो ज्यानको पर्वाह नगरी जनसेवामा संलग्न हुने चिकित्सक, स्वास्थ्य कर्मी र प्रशासनिक कर्मचारीहरू सबैमा विश्वविद्यालय धन्यवाद व्यक्त गर्दछ । आगामी दिनहरूमा पनि उपचार कार्यमा विश्वविद्यालयका अस्पतालहरूबाट हुन सक्ने र गर्न सकिने सबै प्रकारको सहयोग गर्न विश्वविद्यालय प्रतिबद्ध रहेको छ ।

योगेन्द्र प्रसाद दाहाल
सूचना अधिकारी तथा प्रमुख
सूचना तथा जनसम्पर्क महाशाखा